भीमदत्त नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कञ्चनपुर
७ नं. प्रदेश, नेपाल

## सूचना

प्रथम पटक प्रकाशित मिति २०७४।१२।२५

भीमदत्त नगरपालिकाका लागि देहाय बमोजिमका पदहरु २०७५ असार मसान्त सम्मका लागि करारबाट पदपूर्ती गर्नुपर्ने भएकाले इच्छुक योग्य नेपाली नागरिकहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा रितपूर्वक आइपुग्ने गरी दरखास्त आह्वान गरिएको छ। रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएको दरखास्त उपर कुनै कार्वाही गरिने छैन।

| सि.नं. | विज्ञापन नं. | पद | माग पद संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | कार्य अनुभव |
|---|---|---|---|---|---|
| १ | ०५।२०७४।०७५ | वातावरण ईञ्जिनियर | १ | वातावरण ईञ्जिनियरिङ्ग, तथा सो सँग सम्बन्धित विषयमा स्नातक तह उत्तिर्ण गरेको | ५ वर्ष |
| २ | ०६।२०७४।०७५ | सामाजिक विकास अधिकृत | १ | सामाजिक विज्ञान, व्यवस्थापन, वाणिज्य प्रशासन तथा अन्य सम्बन्धित विषयमा स्नातक तह उत्तिर्ण गरेको | ५ वर्ष |
| ३ | ०७।२०७४।०७५ | सव-ईञ्जिनियर | ३ | सिभिल ईञ्जिनियरिङ्ग विषयमा डिप्लोमा तह उत्तिर्ण गरेको तथा सो सँग सम्बन्धित विषयमा डिप्लोमा तह उत्तिर्ण गरेको | ३ वर्ष |

**परीक्षाका किसिम :-** अन्तर्वार्ता।

**दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरु:** दरखास्त फारम सहित स्वयंले प्रमाणित गरेको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, न्युनतम शैक्षिक योग्यताको लाबधाङ्क पत्रको प्रतिलिपि, चारित्रिक सर्टिफिकेटको प्रतिलिपि र

प्रमुख प्रशासकीय अधिकृत

सेवा सम्बन्धी आवश्यक कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपि। वातावरण ईञ्जिनियरको हकमा नेपाल ईञ्जिनियरिङ काउन्सिलमा दर्ता गरेको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ।

**दरखास्त दस्तुर :-** अधिकृत पदको विज्ञापन नं. ०५।२०७४।०७५ र ०६।२०७४।०७५ का लागि दरखास्त दस्तुर रु. १,०००।– (रु. एक हजार मात्र) र सहायक स्तरको विज्ञापन नं. ०७।२०७४।०७५ का लागि दरखास्त दस्तुर रु. ५००।– (रु. पाँच सय मात्र) बुझाउनु पर्नेछ।

**दरखास्त बुझाउने स्थान:-** भीमदत्त नगरपालिका

**दरखास्त दिने अन्तिम मिति :-** २०७५।०१।०९ गते

**उम्मेदवारका उमेरका हद :-** दरखास्त बुझाउने अन्तिम मिति सम्ममा २१ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेका र महिला हकमा ४० वर्ष ननाघेको।

**तलब**:- नगरपालिकाले तोके बमोजिम।

**द्रष्टव्य:**

(क) कार्यालयद्वारा तोकिएको म्यादभित्र पेश नभएका वा न्यूनतम योग्यता नपुगेका वा तोकिएका अन्य विवरण नखुलेका वा तोकिएका दस्तुर नबुझाएका दरखास्त स्वीकृत गरिने छैन।

(ख) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताका समकक्षता निर्धारण गराएको हुनुपर्दछ।

प्रमुख प्रशासकीय अधिकृत